नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १३ गते ०१ साल

भाग ३

सूचना

सि. स. वि. नं. २०००।०६

हाम्रो नेपाल भरभधेश पहाड इलाकाहरूमा कपडा पैठारी गर्न इजाजत पाइरहेका इम्पोर्टर्सहरूले आफ्नो आफ्नो इलाकामा पैठारी गरी सक्नेको र पैठारी गर्न बाँकी रहेको सन् ५२ मार्च महीनासम्मको कोटाको कपडा साबिकबमोजिम गौंडा गोस्वाराले कायम गरी दिएको मोलमा तुरुन्त रिटेलरहरूले उठाएमा रिलेटरहरूले नै र रिटेलरहरूले तोकिदिएको समयभित्र नउठाएमा इम्पोर्टर्सहरूले नै निर्धारित मोलमा नबढाई नेपाल सरहद्भित्र जसलाई जतिसुकै कपडाबिक्री गर्न पाउने भएकोले सर्वसाधारण जनता र व्यापारीवर्गमा सूचित गर्ने काम भएको छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

सदर ४ भञ्ज्याङभित्र र पू १ नं. प १ नं इलाकाका हकमा परिशिष्ट "क फाराममा दरखास्त गर्ने रिटेलर पसलेहरूले २००९ साल ज्येष्ट १५ गते सम्ममा कपडाको नयाँ लाइसेन्स लिन आउनुपर्दछ नयाँ लाइसेन्स पाएका रिटेलरहरूले २००९ साल ज्येष्ट मसान्तसम्मा इम्पोर्टरहरूबाट कपडा उठाई लिसक्नु पर्दछ। रिटेलरहरूले निर्धारित मोलमा नबढाई जसलाई जतिसुकै कपडा बिक्री गर्न इजाजत गरिएको छ उक्त लेखिएको म्यादभित्र लाइसेन्स लिई कपडा नउठाएमा इम्पोर्टरहरूले नै निर्धारित मोलमा नबढाई जतिसुकै कपडा बिक्री गर्न पाउने २००९ साल आषाढ १ गतेदेखि इजाजत गरिएको छ।

उक्तरीतिबमोजिम बिक्री वितरण गरेकोमा इम्पोटर रिटेलरहरूले बिक्री भएको कपडाको हिसाब १।१ महीनामा १ गतेदेखि ५ गते भित्रसम्ममा दाखिल गरी सक्नुपर्छ सोनियम विरुद्ध काम गरेको ठहरे ऐनसवालबमोजिम सजाय हुनेछ।

डाइरेक्टर,
सिभिल सप्लाइज विभाग.

सूचना

सि. स वि. नं ०००१३ ०९

यो सूचना प्रकाश हुनभन्दा अघि होलसेलर कहाँबाट कोटाको धागो लिन पाउने गरी यस विभागबाट इजाजतपत्र लिएका धागोको रिटेलरहरूसमेतले सो कोटाको धागो होलसेलरकहाँबाट आगामी २००९ साल ज्येष्ठ २० गतेसम्ममा लिसक्नु पर्छ।

डाइरेक्टर
सिभिल सप्लाइज विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।